स्थानाय सरकार
Local Government
# पथरी शनिश्चरे नगरपालिका
Pathari Shanishchare Municipality
# नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
पथरी, मोरङ, कोशी प्रदेश, नेपाल

प .सं.२०८२/०८३
च.न. १३७६

मितिः २०८२/१२/०९

## बर्ड फ्लु रोग नियन्त्रण सम्बन्धी अत्यन्त जरुरी सूचना।

प्रस्तुत विषयमा जिल्ला प्रशासन कार्यालय मोरङको च.न.७३९२ मिति २०८२/१२/०८ गतेको सतर्कता अपनाउने सम्बन्धी पत्रानुसार मोरङ जिल्लाको सुन्दरहरैचा नगरपालिका वडा नं ४ तथा उर्लावरी नगरपालिका वडा नं ८ मा बर्ड फ्लु (Highly pathogenic avian influenza) H5N1 पुष्टी भएको हुदाँ पथरी शनिश्चरे नगरपालिका भित्रका पन्छीपालक कृषक, व्यवसायी, मासु पसल व्यवसायी, वधशाला सञ्चालक, ह्याचरी सञ्चालक तथा सम्पूर्ण नगरवासि महानुभावहरूमा तपशिल बमोजिमको निर्देशन पालना गरी सर्तक रहनुहुन हार्दिक अनुरोध छ।

तपशिलः

१. पन्छीहरुमा असामान्य बिरामी सुस्तहुने, नाक र आँखाबाट पानी बग्ने, पखाला लाग्ने, घाँटि सुन्निने, सिउर र लोति झुन्डिने/निलोहुने, वरिपरि घुम्ने, टाउको बटार्ने जस्ता लक्षण देखिएमा अण्डा उत्पादन अचानक घट्न गएमा ठुलो संख्यामा पंक्षीहरुको मृत्यू भएमा तुरुन्त यस नगरपालिकाको पशुपन्छी तथा मत्स्य विकास शाखा जानकारी गराउनुहन।

२. पन्छी फर्ममा अनावश्यक व्यक्ति तथा सवारी साधनहरुको प्रवेशमा रोक लगाउने तथा प्रवेश गराउनैपर्ने भएमा प्रवेशद्वारमा निःसंक्रमणका औषधीहरु जस्तैः फिनेल, फर्मालिन, चुना तथा भीरकोनजस्ता डिस्ईन्फेक्टेड सामाग्रीहरु प्रयोग गरिएको फुटबाथ प्रयोग गरेरमात्र फार्ममा प्रवेश गराउने।

३. एउटा फर्ममा काम गर्ने व्यक्ति सकेसम्म अर्को फर्ममा प्रवेश नगर्ने, खोर तथा फर्मभित्र कामगर्दा छुट्टै जुत्ता तथा एप्रोनको प्रयोग गर्ने र फर्म परिसरमा दैनिकरुपमा निःसंक्रमण गर्ने।

४. कुखुरा पालन तथा कुखुराको मासु बिक्रि वितरणमा संलग्न व्यक्तिहरुले व्यक्तिगत सुरक्षाका उपायहरु अपनाउने, स्वास्थ्यमा केहि समस्या देखिएमा यथासक्य चाँडो स्वास्थ्य संस्थामा सम्पर्क गर्ने।

५.पन्छी तथा पन्छीजन्य पदार्थ ओसारपसार गर्नुपरेमा अनिवार्यरुपमा पशु स्वास्थ्य प्रमाणपत्र लिएर मात्र ओसारपसार गर्ने।

६. बर्ड फ्लु जुनोटिक रोग भएकोले मानिसमा समेत यसको संक्रमण हुनेहुँदा मृतक तथा बिरामी कुखुरा नछुन तथा उपभोग नगर्नुहुन साथै पन्छीजन्य पदार्थ छोईसकेपछि सरसफाईमा विशेष ध्यान दिई स्वास्थ्यप्रति सतर्क रहनुहुन सम्पूर्ण नगरवासिहरुमा हार्दिक अनुरोध छ।

राधाकृष्ण खतिवडा
प्रमुख प्रशासकीय अधिकृत

पथरी, मोरङ, कोशी प्रदेश, नेपाल, फोन नं. +९७७-०२१-५५६११३
Email: patharishanishcharemun@gmail.com, info@patharishanishcharemun.gov.npwebsite: www.patharishanishcharemun.gov.np